गृह पृष्ठ

फाउण्डेशन फर इन्डेन्जर्ड स्पेसिज (FES) बेलायतमा कानूनी रूपमा दर्ता भएको च्यारिटी हो (नं १११४७२८) जसको उद्देश्य वातावरण संरक्षण र संवर्द्धन् गर्नु हो । जीवजन्तुको लोप हुने क्रम रोक्न र यसका कारणहरू रोकथाम गर्न FES लागिपरेको छ ।

Earth Center International लाई समर्थन गरेपछि सन् २००५ मा एम्सटर्डयाम मा सम्पन्न ECI+5 सभामा प्रतिनिधित्व गर्ने तीन ब्रिटिशमध्येका एक थिए - एन्डि मिङलटन। यो च्यारिटीले मुख्यतया “पर्यावरणीय पूर्णता” लाई ध्यान दिएको छ । एन्डि मिङलटन ASPnet समूहका उपाध्यक्ष तथा वातावरण सल्लाहकार हुन् जुन यूनेस्कोको UK Commission सँग सम्बन्धित छ ।

FES शिक्षा नीतिले विभिन्न शैक्षिक पद्दतिबाट चेतना फैलाउने काम गर्छ । जस्तैः पत्रपत्रिकामा प्रकाशित गर्ने, वन्यजन्तुसम्बन्धी कार्यक्रम रेडियोमा प्रशारण गर्ने, फोटो प्रदर्शनी गर्ने, संयुक्त राष्ट्रसंघ, यूरोपेली र ब्रिटिश संसदमा हुने सेमिनारमा भाग लिने आदि। साथै FES ले यी संस्थाहरूसँग पनि मिलेर काम गर्छ ... All Party Parliamentary Climate Change Group, the Partnership for Action Against Wildlife Crime र Sustainable Development Commission ।

FES का फिल्ड प्रोजेक्टहरू बेलायत लगायत विश्वभरि नै रहेका छन् । ती जानकारी यो वेबसाइटमा हेर्न सकिन्छ ।

सहयोग

लोपोन्मुख जीवजन्तुलाई सुरक्षा र संरक्षण प्रदान गर्न चन्दा संकलनको लागि हामीले PayPal जस्तो सजिलो र भरपर्दो माध्यम अपनाएका छौं। हाम्रो उद्देश्यको लागि तपाईंको सहयोग आवश्यक छ। त्यसैले, तलको “सहयोग” चिन्हमा क्लिक गरेपछि खुल्ने फर्म भरिदिनुहुन FES तपाईंलाई अनुरोध गर्दछ ।

हामी चेक पनि ग्रहण गर्छौं । यसको लागि “सम्पर्क” लिंक मा हेर्नुहोस् ।
तपाईं हामीलाई इमेलबाट पनि सम्पर्क गरी सुझाव र सल्लाह दिन चाहनुहुन्छ भने “सम्पर्क” मा जानुहोस् ।

सहयोग गरौं

सम्पर्कः info@ffes.org.uk